# काठमाडौं महानगरपालिका

## यँ महानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

बागमती प्रदेश, काठमाडौं, नेपाल

पत्र संख्याः- २०८१/०८२ (शिक्षा विभाग)

चलानी नं.:- १३०९८

मिति २०८२/०१/१६

नेपाल संवत् ११४५ बछलाथ्व द्वितीय

विषयः आधारभूत शिक्षा ग्रेडवृद्धि परीक्षा सम्बन्धमा।

श्री सबै विद्यालयहरु (ग्रेड वृद्धि परीक्षामा सम्मिलित हुने),

काठमाडौं महानगरपालिका।

प्रस्तुत विषयमा, यस महानगरपालिका, आधारभूत शिक्षा उत्तीर्ण परीक्षा समितिको मिति २०८२/०१/१६ गतेको निर्णयानुसार शैक्षिक सत्र २०८१ को आधारभूत शिक्षा परीक्षाको नतिजामा सैदान्तिक तर्फ मुल प्रमाणपत्र प्राप्त गर्न योग्य नभएका (NG भएका) कारण ग्रेडवृद्धि परीक्षामा सहभागी हुने विद्यार्थीहरुका लागि परीक्षा तालिका, परीक्षा केन्द्र तथा उत्तर पुस्तिका परीक्षण सम्बन्धमा तपसिल बमोजिम गर्ने गराउने निर्णय भएको हुँदा सोही अनुसार गर्नु गराउनु हुन सम्बन्धित सबै विद्यालयहरुलाई अनुरोध छ। साथै परीक्षालाई स्वच्छ एवम् मर्यादित रुपमा सञ्चालन गर्ने गराउने मुख्य जिम्मेवारी केन्द्राध्यक्षको हुने व्यहोरा समेत अनुरोध छ।

<u>तपसिल</u>

१. परीक्षा तालिका तपसिल बमोजिम हुनेछ।

**परीक्षा सञ्चालन समय : दिनको १:३० बजेदेखि ३:३० बजेसम्म**

| क. सं. | मिति | विषय |
|---|---|---|
| १. | २०८२/०१/२१ गते आइतबार | गणित |
| २. | २०८२/०१/२२ सोमबार | अंग्रेजी |
| | | **संस्कृत शिक्षा/गुरूकुल/वेदविद्याश्रमतर्फ :** अंग्रेजी वा संस्कृत रचना |
| ३. | २०८२/०१/२३ गते मङ्गलबार | नेपाली |
| ४. | २०८२/०१/२४ गते बुधबार | विज्ञान तथा प्रविधि |
| | | **संस्कृत शिक्षा/गुरूकुल/वेदविद्याश्रमतर्फ :** विज्ञान तथा प्रविधि वा वेद |
| ५. | २०८२/०१/२५ गते विहिबार | समाजिक अध्ययन तथा मानव मूल्य शिक्षा |
| | | **संस्कृततर्फ :** समाजिक अध्ययन तथा मानव मूल्य शिक्षा वा कर्मकाण्ड |
| ६. | २०८२/०१/२६ गते शुक्रबार | स्वास्थ्य तथा शारीरिक शिक्षा |
| | | **संस्कृत शिक्षा/गुरूकुल/वेदविद्याश्रमतर्फ :** संस्कृत भाषा |
| | | **गोन्पा तथा विहार/मदरसा शिक्षा :** स्थानीय विषय वा बौद्ध शिक्षा वा सम्भोटा व्याकरण वा अन्य वा आचार शिक्षा (दिनियात) कुरान |
| ७. | २०८२/०१/२७ गते शनिबार | स्थानीय विषय (नेपाल भाषा / तामाङ भाषा) |
| | | **संस्कृत शिक्षा/गुरूकुल/वेदविद्याश्रमतर्फ :** संस्कृत व्याकरण वा नीति शास्त्र |
| | | **गोन्पा तथा विहार/मदरसा शिक्षा :** भोटभाषा वा पाली भाषा वा अन्य भाषा वा उर्दु भाषा |

फोन नं.: +९७७-१-४२३१४८१ (प्रमुख), +९७७-१-४२४९१९० (उप-प्रमुख), +९७७-१-४२३२८९२ (प्रमुख प्रशासकीय अधिकृत)
फ्याक्स नं.: +९७७-१-४२६८५०९, ईमेलः kmcmayor@mos.com.np, mayor@kathmandu.gov.np, ceo@kathmandu.gov.np
पोष्टबक्स नं. ८४१६, काठमाडौं, नेपाल, वेभसाइटः www.kathmandu.gov.np

# काठमाडौं महानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

बागमती प्रदेश, काठमाडौं, नेपाल

पत्र संख्याः-

चलानी नं.:- ९३०१६

मिति ........................

२. परीक्षा केन्द्र सम्बन्धित विद्यालयमा कायम गरी सम्बन्धित प्रधानाध्यापकलाई नै केन्द्राध्यक्ष तोकिएको छ।

३. प्रश्नपत्र सम्बन्धित विद्यालयलाई परीक्षा सुरू हुनु भन्दा आधाघण्टा अगाडी विद्यालयको इमेल आइडीमा शिक्षा विभागको इमेल ठेगाना kmcdoe2075@gmail.com बाट पठाइने भएको हुँदा आआफ्नो विद्यालयको इमेल आइडी स्रोत शिक्षकलाई उपलब्ध गराउनु पर्नेछ।

४. उत्तर पुस्तिका स्रोतकेन्द्रबाट विद्यालयले बुझी लैजानु पर्नेछ।

५. प्रत्येक दिनको परीक्षा सम्पन्न भएपश्चात उत्तर पुस्तिका विद्यालयले नै ३ दिन भित्र परीक्षण सम्पन्न गरी प्राप्ताङ्क प्रधानाध्यापकले प्रमाणित गरी शिक्षा विभागको मेलआइडी kmcdoe2075@gmail.com मा अनिवार्यरुपमा मेल गर्नु पर्नेछ। यदि कुनै विषयको उत्तरपुस्तिका परीक्षण गर्ने शिक्षक विद्यालयमा अनुपस्थित भएमा भोलिपल्टनै परीक्षणका लागि गोप्य सिलबन्दी गरी सम्बन्धित स्रोतकेन्द्रमा पठाउनु पर्नेछ।

६. विषयगत शिक्षक र प्रधानाध्यापकबाट प्रमाणित गरिएको प्राप्ताङ्कको हार्डकपी र उत्तर पुस्तिका मिति २०८२ बैशाख २९ गते कार्यालय समयभित्रमा अनिवार्यरुपमा स्रोत केन्द्रमा बुझाइ सक्नु पर्नेछ तत् पश्चात प्राप्त भएमा नतिजा प्रकाशन गरिने छैन।

७. मिति २०८२ बैशाख २९ गते कार्यालय समयभित्रमा स्रोतकेन्द्रमा प्राप्त भएका उत्तर पुस्तिका र प्रमाणित प्राप्ताङ्कका आधारमा शिक्षा विभागबाट सफ्टवेयरमा अङ्क प्रबिष्ठी गरिने छ।

ओमप्रसाद गौतम
शिक्षा अधिकृत

बोधार्थ

**श्री सबै स्रोत शिक्षकहरु : आआफ्नो स्रोतकेन्द्रमा आवश्यक सूचना प्रवाह, समन्वय तथा सहजीकरण गर्नु हुन।**

फोन नं.: +९७७-१-४२३१४८१ (प्रमुख), +९७७-१-४२४९११० (उप-प्रमुख), +९७७-१-४२३२८९२ (प्रमुख प्रशासकीय अधिकृत)
फ्याक्स नं.: +९७७-१-४२६८५०९, ईमेलः kmcmayor@mos.com.np, mayor@kathmandu.gov.np, ceo@kathmandu.gov.np
पोष्टबक्स नं. ८४१६, काठमाडौं, नेपाल, वेभसाइटः www.kathmandu.gov.np